म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक १८५ मंगलबार १ फागुन २०८० ने. सं. ११४४ सिल्लाथ्व 13 February 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

इन्द्रसरोवरमा मोटरसाइकल दुर्घटना हुँदा एकजनाको मृत्यु

हेटौंडा, २९ माघ/काठमाडौं जोड्ने वैकल्पिक मार्गअन्तर्गत मकवानपुरको इन्द्रसरोवर खानीखेत भ्याङडाँडामा पल्सर मोटरसाइकल दुर्घटना हुँदा चालकको मृत्यु भएको छ । सोमबार दिउँसो बा ९० प ३६०४ नम्बरको पल्सर मोटरसाइकल दुर्घटना हुँदा चालक हेटौंडा-६ चौघडा बस्ने अन्दाजी ४५/५० वर्षीय राजेन्द्र पिठाकोटीको ज्यान गएको मकवानपुरका प्रहरी प्रवक्ता प्रहरी नायबउपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिएका छन् । चालकको घटनास्थलमै मृत्यु भएको जनाइएको छ ।

मोटरसाइकल सडकबाट २०० मिटर तल खसेको र जनपद र सशस्त्र प्रहरीको टोली शवलाई निकालेको जनाइएको छ । शवको मुचुल्का उठाई पोष्टमार्टमका लागि हेटौंडा अस्पतालमा ल्याइँदै गरेको प्रहरी प्रवक्ता प्रहरी नायबउपरीक्षक भण्डारीले जनाएका छन् । घटनाको आवश्यक अनुसन्धान भइरहेको जनाइएको छ ।

४७ करोड लगाएर पाउडर दूध प्लान्ट बन्यो, सञ्चालनमा आएन

निशा गुरुङ

हेटौंडा, २९ माघ/ बागमती प्रदेश सरकारले निर्माण गरेको पाउडर दूध उत्पादन प्लान्ट तयार भएपनि सञ्चालनमा आउन सकेको छैन ।

व्यावसायिक पशुपालनलाई प्रेरित गर्न, दाना उत्पादन गर्न र उत्पादित दूधको सहज खपत नभएमा पाउडर बनाएर बजारमा ल्याउने लक्ष्यकासाथ बागमती सरकारले हेटौंडा उपमहानगरपालिका-१०, न्युरेनीमा पाउडर प्लान्ट निर्माण गरेको हो । तीनवर्ष लगाएर ४७ करोड रुपैयाँमा प्लान्ट निर्माण भएको छ । तर, संचालनको कार्यविधि नै नभएका कारण उद्योग सञ्चालन हुन सकेको छैन ।

प्लान्ट निर्माण भएपछि दूध सजिलै खपत हुने किसानको अपेक्षा थियो । उत्पादित दूधको खपत नहुँदा किसानले समस्या भोग्दै आएका छन् । प्लान्ट सञ्चालनमा नआउँदा उद्यमी पनि निराश छन् । कसरी सञ्चालन गर्ने भन्ने कार्यविधि नबन्दा समस्या आएको प्रदेश दुग्ध विकास बोर्डका उपाध्यक्ष टीकावल्लभ सापकोटाले बताए । मन्त्रालयले आवश्यक कार्यविधि निर्माण गरेपछि कुनै संस्थालाई जिम्मा दिएर धूलो दूध कारखाना सञ्चालनमा ल्याइने सापकोटाको भनाइ छ । हेटौंडा दूध विकास संस्थानलाई केही वर्षको लागि ठेक्कामा लगाउने आन्तरिक तयारी भइरहेको सापकोटाले जानकारी दिएका छन् ।

यसका लागि आवश्यक कार्यविधि निर्माणकै चरणमा रहेकाले यसको टुंगो लाग्न पाएको छैन । किसानले भोग्नु परिरहेको 'मिल्क होलिडे'को समस्या समाधान गर्ने उद्देश्यले प्लान्ट निर्माण गरिएको थियो । २०७७ पुस १६ मा तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेलले प्लान्टको शिलान्यास गरेका थिए । एक वर्षभित्र निर्माण सक्ने गरी इजी इन्फ्रा कम्पनीलाई ठेक्का दिइएको थियो । तर, कोभिड-१९ महामारीका कारण ढिलाइ भएपछि तीन पटकसम्म म्याद थपिएको थियो । दैनिक ६० हजार लिटर दूध खरीद गरी पाँच मेट्रिकटन धूलोदूध उत्पादन र प्याकिङ गर्ने लक्ष्य रहेको छ । यसबाट बागमती प्रदेशका चितवन र मकवानपुर तथा मधेश प्रदेशका बारा, पर्सा, रौतहटका करिब २२ हजार परिवार लाभान्वित हुने बोर्डको आंकलन छ ।

प्लान्ट सञ्चालनमा आउँदा ८० जनाले रोजगारी पाउनेछन् । गत असोजमै पाउडर दूध उत्पादन सुरु गर्ने लक्ष्य राखिएको थियो । तर, सञ्चालनमा ढिलाइ भइरहेको छ । पाउडर प्लान्ट सञ्चालन भएपछि 'मिल्क होलिडे'को समस्या पनि हट्ने प्रदेश दुग्ध विकास बोर्डका उपाध्यक्ष सापकोटाको भनाइ छ । संघीय सरकारको निर्णय अनुसार दुग्ध विकास संस्थान (डीडीसी)ले सञ्चालन गरिरहेको पशुदाना कारखानाभित्रै प्लान्ट स्थापना गरिएको हो । डीडीसीले लिएको आठ बिघामध्ये दुई बिघा जमीन प्लान्टका लागि प्रयोगमा आएको छ । उद्योगबाट पाउडर दूधसँगै घ्यू पनि उत्पादन गरिनेछ । उत्पादित धूलो दूध प्याकिङ गरी दैनिक पाँच मेट्रिकटन सातै प्रदेशमा बिक्री गर्ने लक्ष्य राखिएको छ ।

बागमती गाउँपालिकालाई जनयुद्ध दिवसको बिदा रोक्न उच्चको आदेश

साझाकुरा संवाददाता

हेटौंडा, २९ माघ/ मकवानपुरको पूर्वीक्षेत्रस्थित बागमती गाउँपालिकालाई जनयुद्ध दिवसको रुपमा १ फागुनमा दिएको सार्वजनिक विदा कार्यान्वयन नगर्न उच्च अदालत पाटन हेटौंडा इजलाशले अन्तरिम आदेश दिएको छ ।

यमुना भट्टराईको एकल इजलाशले सोमबार गाउँपालिकालाई बिदा कार्यान्वयन नगर्न आदेश दिँदै सर्वोच्च अदालतको आदेश विपरित गएकोमा सचेतसमेत गराएको छ । सर्वोच्च अदालतबाट जनयुद्ध दिवसको रुपमा सार्वजनिक बिदा दिने संघ र प्रदेश सरकारबाट भएका निर्णय र सूचनालाई १३ पुस २०८० मा उत्प्रेषणको आदेशद्वारा बदर गरिएको थियो ।

सर्वोच्चले बदर गरेपछि पनि १४ माघमा बसेको गाउँपालिकाको कार्यपालिका बैठकले जनयुद्ध दिवसमा बिदा दिने निर्णय गर्दै २५ माघमा बिदा सम्बन्धमा सूचना जारी गरेको थियो । गाउँपालिकाभित्रका सार्वजनिक कार्यालय, शैक्षिक संस्था एवम् बैंक तथा वित्तीय संस्थालाई बिदा दिइएको थियो । न्यायधीश भट्टराईले सर्वोच्च अदालतको आदेशबाट जनयुद्ध दिवसमा बिदा दिने निर्णय बदर भइसकेको अवस्थामा बागमती गाउँपालिकाले सोही कारण देखाएर बिदा दिनु विधिको शासन विपरित भएको ठहर गरेकी छन् ।

यसैगरी, धादिङको गजुरी गाउँपालिकाको अध्यक्ष र उपाध्यक्षले जनयुद्ध दिवसको बिदा सम्बन्धमा दुई फरक सूचना जारी गरेका छन् । अध्यक्ष गणेशलाल श्रेष्ठ र उपाध्यक्ष शर्मिला बिसुरालले २९ माघ सोमबार एकैदिन आआफ्नै हस्ताक्षरमा बिदा दिने र नदिने सम्बन्धी फरक सूचना जारी गरेपछि स्थानीय पनि अलमलमा परेका छन् । अध्यक्ष श्रेष्ठद्वारा जारी सूचनामा जनयुद्ध दिवसको अबसरमा सार्वजनिक बिदा दिने निर्णय भएकोले १ फागुनमा सबै सार्वजनिक निकायमा बिदा रहेको जानकारी दिएका छन् ।

उपाध्यक्ष बिसुरालले बिदा दिने विषयमा कार्यपालिका बैठकमा कुनैपनि छलफल तथा निर्णय नभएकोले मंगलबार बिदा नरहेको भन्दै सूचना जारी गरेकी छन् । उनले सर्वोच्च अदालतको फैसला कार्यान्वयनका लागि मंगलबार सबै सार्वजनिक निकाय यथावत खोल्न निर्देशनसमेत दिएकी छन् । गजुरी-४ का वडाअध्यक्षले पनि वडाभित्रका सार्वजनिक निकाय फागुन १ गते बिदा नहुने सूचना प्रकाशन गरेको छ ।

बाघभैरव वनमा न्यौपानेको नेतृत्व

साझाकुरा संवाददाता

हेटौंडा, २९ माघ/ मकवानपुरगढी गाउँपालिका-२ मा अवस्थित बाघभैरव सामूदायिक वन उपभोक्ता समूहको अध्यक्षमा गम्भिर न्यौपाने चयन भएका छन् ।

आइतबार समूहको २६ औं वार्षिक साधारणसभा तथा पाँचौ अधिवेसनले न्यौपानेको नेतृत्वमा नयाँ समिति चयन गरिएको हो । समितिको उपाध्यक्षमा डोलप्रसाद भट्ट, सचिवमा पर्वत बुढाथोकी, सहसचिवमा मनमाया स्याङ्तान, कोषाध्यक्षमा पूर्णमाया भोम्जन चयन भएका छन् । त्यस्तै, समितिको सदस्यहरुमा रामप्रसाद चौरेल, बलराम भोम्जन, श्याम श्रेष्ठ, यदुकुमार घिमिरे, पार्वती कार्की चयन भएका छन् । समूहका अध्यक्ष हीराबहादुर स्याङ्तानको सभाध्यक्षतामा भएको सभामा वडा नम्बर २ का वडाध्यक्ष बखानसिं पाख्रीनको प्रमुख आतिथ्यता रहेको थियो ।

सभामा वडा २ का सदस्य रामप्रसाद चौरेल, फेकोफन स्थानीय महासंघका दुर्गा घोरासैनी, सव डिविजन वन कार्यालय मकवानपुरगढीका किरण क्षेत्री, मञ्जुश्री सामूदायिक वनका अध्यक्ष गंगा थापामगर, समूहका पूर्वअध्यक्षहरु शिवप्रसाद न्यौपाने, हरिबहादुर बुढाथोकी, चण्डिका माविका अध्यक्ष राजकुमार गोले, बंशगोपाल माविका अध्यक्ष जीतबहादुर लो, महाकाली दुग्ध उत्पादक सहकारीका अध्यक्ष रामप्रसाद न्यौपाने, श्रमिक दुग्ध उत्पादक सहकारीका अध्यक्ष गंगाराज गोले, कुर्ले कृषि सहकारीका अर्जुनप्रसाद चौरेल लगायतको आतिथ्यता रहेको थियो । वन समूहमा २६२ घरधुरी आवद्ध रहेका छन् ।

लागूऔषधसहित दुई जना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, २९ माघ/ जिल्ला प्रहरी कार्यालय मकवानपुरले हेटौंडा उपमहानगरपालिका-१५ रातामाटे लच्कास्थित पूर्व-पश्चिमक सडकखण्डबाट लागूऔषधसहित आइतबार दुईजनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा पर्साको बिन्दाबासिनी गाउँपालिका-१ बस्ने २८ वर्षीय मनु पण्डित र सोही ठाउँ बस्ने ३२ वर्षीय कृष्णप्रसाद कानु रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए । उनीहरुलाई प्रहरीचौकी रातोमाटे मकवानपुरबाट खटिएको प्रहरी टोलीले लागूऔषध ओनरेक्स ८४ बोतल, नाईट्राभेट ३० ट्याब्लेट र प्रोक्सीको स्पा १६ क्याप्सुलसहित पक्राउ गरेको प्रहरी नायवउपरीक्षक भण्डारीले बताए ।

उनका अनुसार, पथलैयाबाट हेटौंडातर्फ आउँदै गरेको ज. ३ प ७७२८ नम्वरको मोटरसाइकललाई शंका लागि चेकजाँच गर्दा उनीहरुको साथबाट सो परिमाणको लागूऔषध बरामद भएपछि निजहरुलाई पक्राउ गरिएको हो । पक्राउ परेकामध्ये पण्डित भने मोटरसाइकल चालक हुन् । पक्राउ परेका उनीहरुमाथि प्रहरीले आवश्यक अनुसन्धानका साथै कानूनी प्रक्रिया अगाडि बढाइएको छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞कार वास भित्र/बाहिर
☞वायरिङ मर्मत
☞A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

अन्तरराष्ट्रिय सम्मेलन:
नवप्रवर्तन र उद्यमशीलताको प्रवर्धनको लागि क्षमता विकास
मिति: फागुन ५ र ६ | स्थान: एभोकाडो एण्ड अर्किड रिसोर्ट, हेटौंडा

INTERNATIONAL CONFERENCE ON CAPACITY DEVELOPMENT
for fostering innovation and entrepreneurship

#Innopreneurship #ICCD
#TogetherWeCan

KEYNOTE SPEAKERS
PROF. DR. DEV RAJ ADHIKARI — Chairman, University Grants Commission
MR. IGNOUS KARTHAUS — PUM Senior Expert

INTERNATIONAL SPEAKERS
DR. SASKIA J.M. HARKEMA — Founder, Impact Leaders International
MR. HENK TER STEGE — PUM Senior Expert
MR. ROB VAN STAR — PUM Senior Expert
DR. NARESH SACHDEV — Director, PCTE, Ludhiana

NATIONAL SPEAKERS
PROF. PUSHKAR BAJRACHARYA, PHD — Senior Management Educator
PROF. PREM RAJ PANT, PHD — Senior Management Educator
PURAN B JOSHI — Principal, HSMSS
NAROTTAM ARYAL — President, King's College
LEKHRAJ POKHREL — President, Conf. of Bagmati Prov. Industries
NIRAJ KHANAL — Entrepreneurship Ecosystem Enabler
SWAGAT RAJ PYAKUREL — Director, MM Polymers
RAJIV SHARMA — MD, Jobs Dynamics
BIBHUSHAN BISTA — Executive President, Young Innovations
PAVITRA GAUTAM — Co-founder/CEO, Karkhana

Organized by: Co-organized by: KING'S COLLEGE PUM NYEF
In partnership with: International Labour Organization STARTUP NATION 2030

साझाकुरा

हाम्रो कुरा

भ्रष्टाचार प्रवर्द्धनको कारक

निर्वाचनको समयमा मतदातासामु पुगेका कुनैपनि नेताले म भ्रष्टाचार गर्न नेतृत्वमा जान लागेको भनेर मत माग्ने गरेका छैनन् । म राम्रोसँग काम गर्छु र मतदातको पीरमर्का र सुखदु:खमा साथ दिन्छु भनने गरेका छन् । तर, पदमा पुगेपछि ९९ प्रतिशत जनप्रतिनिधि भ्रष्टाचारमा लिप्त हुने गरेका छन् । निर्वाचनको समयमा लाखौं रकम खर्च गरेर पदमा पुगेको नेताले त्यो चुनावमा खर्च गरेको रकमको सयौं गुना उठाउने बाटो खोजी गरिरहेका हुन्छन् । गाउँपालिकाको वडाअध्यक्ष निर्वाचित हुनका लागि १०/२० लाख रुपैयाँ मामुली खर्चनु परेको छ । अनि त्यो रकम उठाउने काम गरिन्छ नै । जनताको मायाले वा जनताको सेवा गर्नका लागि पदमा पुग्ने नेता नेपाली समाजमा १ प्रतिशत पनि छैनन् । ईमान्दार नेताले निर्वाचनको समयमा टिकट पाउनसक्ने अवस्था नै छैन । भ्रष्टाचार नियन्त्रण गर्न राष्ट्रिय सतर्कता केन्द्रदेखि अख्तियार दुरुपयोग अनुसन्धान आयोगसम्मका संवैधानिक निकाय छन् । तर, भ्रष्टाचार नियन्त्रण भन्दा पनि बृद्धि भएको छ । बागमतीका प्रदेशप्रमुख यादवचन्द्र शर्माले राज्यको अर्थतन्त्र निर्माणमा आफ्नो योगदानबारे नागरिक अनविज्ञता तथा उदासीनता भ्रष्टाचार प्रवर्द्धनको कारकतत्व रहेको बताएका छन् ।

आइतबार हेटौंडामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ३३ औं स्थापना दिवसलाई सम्बोधन गर्दै प्रदेशप्रमुख शर्माले प्रश्न गरे, ‘सामाजिक जीवनमा हाम्रो उत्कृष्ट आचरण र मर्यादा आर्थिक सवालमा प्रवेश गर्नासाथ किन दाम्लो चुडाएर भ्रष्टाचारको खाडलमा हाम फाल्छ ?’ । भ्रष्टाचारले सामाजिक, न्यायिक र राजकीय प्रक्रिया शिलशिलेवार प्रणालीलाई समाप्त पार्दै राष्ट्र, जनता र व्यक्तिको मर्यादा, आचरण र गरिमालाई ध्वस्त पार्छ । पश्चिमाहरु आर्थिक अनुशासनमा बाँधिएको र पूर्वीयाहरु मर्यादा नाघिरहेको अवस्था देखिएको छ । नागरिकको विज्ञताले भ्रष्टाचार नियन्त्रणमा सहयोग पुग्नेछ । प्रदेशप्रमुख शर्माले पैसाको लागि व्यक्तिले आफ्नो आचरण र मर्यादालाई पनि भूलेकाले मुलुकमा भ्रष्टाचार बढिरहेको बताएका छन् । पूर्वीय दर्शनका अनुयायी नेपाली समाज भन्दा पश्चिमा दर्शनका अनुयायीहरु मर्यादा र आचरणमा अलि खुकुला देखिएका छन् ।

भ्रष्टाचार सुक्ष्मतातिरबाट स्थुलतातिर अघि बढिरहेको शर्माले बताएका छन् । समाजशास्त्रमा समाज जटिलतातिरबाट सरलतातिर अगाडि बढ्ने सिद्धान्तको विकास भएको छ । तर, वास्तबिकता भने समाज सरलतातिरबाट जटिलतातिर अगाडि बढिरहेको अवस्था छ । कानून, नीति, र नियमको पालनामा प्रयोग भएको स्वविवेकीय अधिकार दुरुपयोग हुने खतराबाट निराकरणको क्षेत्रमा लागेका विधि निर्माताहरु सचेत हुनुपर्ने थियो । समाज जटिलताबाट सरलतामा गएको भए सात पुस्तालाई पुग्ने सम्पत्ती जोड्ने काममा कोही पनि लाग्दैन थियो । एक वर्ष मन्त्री भएपछि अधिकांशले काठमाडौंमा घर जोडेका हुन्छन् । मन्त्रीको तलवले काठमाडौंमा घर जोडिने अवस्था पटक्कै छैन । नेताको तामझाम, जीवनशैली हेर्दा लाग्छ पुस्तौंनी ब्यवासय गरिरहेका छन् । तर, राजनीति गर्नेले ब्यवसाय गर्न समय नै पाउँदैन । पछिल्लो समय राजनीतिलाई नै पेशा वा ब्यवसाय बनाइएको छ, जुन हाम्रो समाजको लागि घातक छ ।

महत्वपूर्ण टेलिफोन नम्बरहरु

मकवानपुर प्रहरी

प्रहरी कन्ट्रोल:	१००
जिल्ला ट्राफिक:	५२०५९९
वडा प्रहरी:	५२०२९९
पशुपतिनगर इलाका:	५२०५९८
पालुङ इलाका:	६२०४६७
मनहरी इलाका:	९८५५०९०१६१
इलाका फापरबारी:	६२१९८०
इलाका भीमफेदी:	६९१४६२
इलाका ठिंगन:	९८४५२९९३८१
चौकीटोल चौकी	९७४२५५९५०१
चित्लाङ चौकी:	६९२०००
चौघडा चौकी	९८४४०५४६०४
नेवारपानी चौकी:	९७५५०००२९९
फाखेल चौकी:	९८४५०३१३९८
पदमपोखरी चौकी:	९८४५०९९७८९

एम्बुलेन्स सेवा

नेपाल रेडक्रस:	५२०७११, ९८५५०२८९५२
हेटौंडा अस्पताल:	५२०३०५
परिवार नियोजन संघ:	५२०७४५,९८४५१०४५००
मनहरी रेडक्रस:	९८४५१०५८२१
छतिवन रेडक्रस:	९८६१६२२३११
भीमफेदी रेडक्रस:	६२०६९९
पालुङ रेडक्रस:	९८१४२०७४०१
बज्रबाराही रेडक्रस:	९८४५३०२९८४
सहकारी अस्पताल:	०५७-५२६५८७, ९८४५६१९१९४
बसामाडी एम्बुलेन्स:	९८४५२९७५७९
बारुण यन्त्र:	१०१
बाल हेल्पलाइन नेपाल:	१०९८
माइती नेपाल:	५२१०५०
अपाङ्ग बाल अस्पताल	९८४५२९६४४५

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

भोलिको पात्रो

भोलि वि.सं. २०८० फागुन २ गते बुधबार १४ फेब्रुअरी २०२४ । पञ्चमी, माघ शुक्लपक्ष । सिल्लाथ्व ११४४ ने.सं. । सूर्योदय ६:४५, सूर्यास्त ५:५३ । सरस्वती जयन्ती । प्रणय दिवस । श्रीपञ्चमी । वसन्त श्रवण ।

आजको राशिफल

मेष	: जिम्मेवारी पूरा गर्न सकिने	**तुला**	: नयाँ काम हात पर्ने
वृष	: गलत विचार बढ्ने	**वृश्चिक**	: कार्यान्तरण हुन सक्ने
मिथुन	: काममा अबरोध आउने	**धनु**	: शुभ समाचार सुन्न पाइने
कर्कट	: अधुरा काम पूरा हुने	**मकर**	: अनावश्यक खर्च बढ्ने
सिंह	: घरेलु समस्याले सताउने	**कुम्भ**	: भोजको अवसर मिल्ने
कन्या	: कुरा काट्नेहरु सक्रिय हुने	**मीन**	: स्वास्थ्य बिग्रन सक्ने

पानी-चक्रले बिथोलिँदै खेतीपाती

कृष्णप्रसाद पौडेल

अहिले हाम्रो खाद्य तथा कृषि प्रणाली सबैतिरबाट संकटले घेरिएको छ । यो कृत्रिम रसायन मल, विषादी, हर्मोन र प्लाष्टिकले आक्रान्त छ । माटोको मरुभूमिकरण बढिरहेको छ भने उत्पादकत्व निरन्तर घटिरहेको छ । कृषि बजार नाफाखोर दलालको कब्जामा छ । किसानले खेती गरेर उत्पादन लागत समेत पाउन सकेका छैनन् ।

नेपाली उत्पादनको बजार अन्य देशको प्रतिस्पर्धी कृषि उत्पादनले खोसेको छ । आयात र किसानका स्थानीय उत्पादनको बजार नियमन गर्नुपर्ने राजनैतिक तथा प्रशासनिक नेतृत्व यसको मूकदर्शक बनेको छ ।

हामी एकातिर मान्छे बेच्ने देशमा नाम दर्ज गराउँदै विप्रेषणको खेती भित्र्याउँदै छौं भने अर्कोतर्फ यसैबाट आएको आम्दानीले हाम्रो खाना र घरबार चलेको छ । लाग्छ, नेपाली राज्यसत्ता निरीहता, निकम्मापन र पाखण्ड कोरल्न ओथारो बसेको छ ।

विकासे हुन गरिएको प्रदूषण, वातावरणीय ह्रास र समग्र प्रकृतिको उत्ताउलो विनाशसँगै थपिँदै गएका वातावरणीय संकटमा हावा, माटो, घामपानी र जैविक सन्तुलनमा आएको फेर बदलको प्रभाव सतहमै आएका छन् । यो क्रम निरन्तर बढिरहेको छ । यस्ता फेरबदलमध्ये धेरै मानिसका आफ्नै उत्ताउला कर्मले प्रकृति र जलवायुमा भइरहेका परिवर्तन हुन् । तीमध्ये विलाउँदै गरेको हिउँदे झरी एक हो ।

हिउँदे झरी हाम्रो भूगोलको वार्षिक पानी चक्रको एउटा महत्वपूर्ण अंश हो । यो झरीसँगै यस भूभागमा समग्र प्राणीको वार्षिक खानाको बन्दोबस्त गर्ने प्राकृतिक व्यवस्था सुरु हुन्छ । मध्य हिउँददेखि नै सूर्य उत्तरतर्फ ढल्किन सुरु गर्छ ।

यसको लगत्तै सुरु हुने बसन्तसँगै सूर्यको ताप र हिउँदे झरीको चिस्यानले बोट-बिरुवाका पालुवा पलाउन, फूल फुल्न, बीउ उम्रन माटोमा हुने सूक्ष्म जैविक प्रक्रिया सुरु हुन्छ । माटोमा चाहिने यस्तो चिस्यानको बन्दोबस्त माघे झरीले सम्भव बनाउँछ । यो नै उत्तरी गोलार्द्धको सबै प्राणी जगतको खानाको व्यवस्था मिलाउने प्राकृतिक प्रणाली हो ।

हिउँदे झरी वर्षायाममा जस्तो बंगालको खाडीबाट उत्पन्न हुँदैन । यो झरी भूमध्यसागर र अरबसागरबाट उत्तरतर्फ लाग्ने बादल नेपालको हिमालको चिसोमा ठोक्किएर हुने गर्छ । यो हाम्रो समग्र भूभागको हिउँदे खेतीपातीका लागि चाहिने पानीको मुख्य स्रोत हो ।

यो नेपालको पश्चिम क्षेत्रबाट नेपालमा प्रवेश गर्ने हुँदा तुलनात्मक रूपमा सुख्खाग्रस्त उत्तर-पश्चिम नेपालको लागि अत्यधिक महत्वको पानी चक्र समेत हो । वर्षात्मा पानी कम पर्ने क्षेत्र भएको र हिउँदमा झरी समेत नहुँदा यो क्षेत्र छिट्टै खडेरीको चपेटामा पर्ने गरेको अनुभव छ ।

कता विलायो झरी ?

नेपालमा हिउँदका ३ महिनामा सरदर २०, २१ दिन वर्षा हुने गरेको तथ्याङ्क छ । हिउँदभरिमा ३-४ पटकसम्म हुने यस्तो झरी केही वर्ष अघिसम्म माघ महिनामा ८-१० दिनसम्म हुने गर्थ्यो । पछिल्ला केही वर्षमा ठाउँ हेरी ८-१० दिन मात्र हिउँदे झरी हुने गरेको थियो । तर गत वर्ष यस्तो झरी एक दिनमा टर्‍यो भने यो वर्ष हिउँद सकिनै लाग्दा पश्चिम नेपालमा केही पानी परेको छ ।

वर्षा मापन गरिएका सरदर तथ्याङ्कले समेत हिउँदे झरी घट्दै गएको देखाउने गरेको छ । तथ्यांकले विगत पाँच दशकमा सरदरमा वार्षिक हिउँदे झरी २० प्रतिशतले घटेको देखाउँछ भने गएको दुई दशकमा निरन्तर कम हुँदै गएको छ ।

यसबाट सजिलै भन्न सकिने कुरा के हो भने हिउँदे झरी निरन्तर घट्ने क्रममा छ । हुनत हिउँदे झरीको अनुभव भौगोलिक क्षेत्र, धरातल र यसको अवस्थिति अनुसार फरक फरक हुने गर्दछ ।

केही महिना अघि मात्र जल तथा मौसम विभागले यस वर्ष पर्याप्त हिउँदे झरी हुने प्रक्षेपण गरेको थियो । तर पानी पर्ने छाँट नदेखेपछि यसलाई सच्याउँदै यस्तो प्रक्षेपणको समीक्षा गरिने जनाएको थियो । यस्तो समीक्षा गर्ने भनेको के हो भनेर धेरै स्पष्ट नभए पनि यस वर्ष हिउँदे झरी नहुनुको कारणबारे यसका विज्ञहरू समेत अलमलमा भएको तर्फ इङ्गित गर्छ । यसको सोझो अर्थ के हुन्छ भने परम्परागत रूपमा गरिने गरेको प्रक्षेपणका आधारहरूमा मात्र अब धेरै भर पर्न नसकिने भएको छ । यो कुराले हाम्रो जस्तो आकासे पानीका भरमा खेती गर्नुपर्ने किसानका लागि थप जोखिमको सन्दर्भ हो ।

हिउँदे मात्र होइन भदौरे झरी समेत विलाउँदै गएको छ । यी झरी अहिले कता र किन विलाए ? सबैतिर चासो बढेको छ । जलवायुमा आएको परिवर्तन एउटा महत्वपूर्ण कारक हो भन्न भने कठिन छैन ।

खासगरी, आधुनिक हुन भन्दै हामीले प्रोत्साहन गरेको खनिज ऊर्जामा आधारित भौतिक विकास, प्रकृतिको अति दोहन, उत्पादन केन्द्रित खनिज ऊर्जा, कृत्रिम रसायन र विषादीमा आधारित एकल र सफा खेती प्रणालीले हरित ग्याँस उत्सर्जन, तापक्रम वृद्धिका साथै पानी चक्रमा अनिश्चितता बढेको छ ।

वर्षा मौसममा उखरमाउलो गर्मी हुन थालेको छ भने हिउँदमा चिसो बढ्ने क्रम तीव्र छ । हिमालमा हिउँ जम्न छोडेको छ । उल्टै यो पग्लिने क्रम तीव्र छ । एशियाकै पानीको मूल स्रोत मानिएको हिमाल पग्लिंदा सबैभन्दा छिटो यसको असर हाम्रा नदी प्रणालीमा परेको छ । यसले नेपालको विकासको प्राथमिक क्षेत्र भनिएको जलविद्युत् समेत प्रभावित हुन थालेको छ ।

महाभारत शृंखलामा पानीको पूर्ण पुन: भण्डारण नभएको धेरै वर्ष भइसक्यो । यसका कारण हिउँद लाग्दा नलाग्दै पानीका मुहान सुकेका छन् । धेरै खोला खोल्सामा हिउँदमा पानी नभएको वर्षौं भएको छ । यसको प्रभावले पहाडमा कतै बस्ती नै खाली भएका छन्, कतै खेतीयोग्य जमिन बाँझै पल्टेका छन् भने चुरे भावर र तराईमा जलस्रोतको अभावसँगै मरुभूमिकरणको जोखिम बढेको छ ।

यी सबैको जैविक र वातावरणीय सन्तुलनमा गहिरो प्रभाव परेको छ । स्थानविशेषमा यसको मसिनो लेखाजोखा भइनसके पनि पानी विना जैविक प्रक्रिया हुँदैन । पानीको अभावमा मानिस मात्र हैन सबै जीव बसाइँसराइ गर्न बाध्य हुन्छन् । यसले समग्र जैविक प्रक्रिया खल्बलिन्छ । पानी घट्दै जाँदा हाम्रो आफ्नै खानाको बन्दोबस्तमा पर्ने दूरगामी प्रभाव यसैबाट समेत आकलन गर्न सकिन्छ ।

बढिरहेको तापक्रम, अप्रत्याशित र प्रक्षेपण गर्न समेत नसकिने गरी पानी चक्रमा आएको फेरबदल र जैविक विविधताको उत्ताउलो दोहनले वातावरणीय तथा खाद्य संकट चुलिंदै गएको छ । यी कुरालाई समयमै सम्बोधन गर्न नसके आगामी दिनहरू थप संकटग्रस्त हुँदै जाने कुरा आकलन गर्न कठिन छैन ।

खासगरी, नेपालमा हिउँ पग्लिने र हिउँदे खडेरीसँगै बढ्ने खाद्य अभाव आम किसान समुदायको जीवनपद्धतिको प्रमुख चुनौतीको रूपमा देखा परिरहेको छ । हुनत यो हाम्रो मात्र चुनौती होइन । दक्षिण एशिया नै विलाउँदै गएको झरीबाट प्रभावित छ ।

यो कुरा विश्व जलवायु सम्मेलन, विश्व खाद्य सम्मेलन, अन्तर्राष्ट्रिय तथा क्षेत्रीय मञ्च र संयुक्त राष्ट्रसंघमा समेत चासोका साथ उठ्ने गरेको छ । यसको सम्बोधनमा देशीय, क्षेत्रीय र विश्वव्यापी प्रयास समेत भइरहेका छन् । तर हाम्रोमा भने यस्ता प्रयासहरू गोष्ठी, भेला र कागजमा धेरै र अभ्यासमा नगन्य मात्रामा भएका छन् । यस्तो हुनुमा नीतिनिर्माता, योजनाविद् र बौद्धिक जमातको विषयको गम्भीरता माथि विवेक नपुग्नु हो । सँगै, नागरिक समाज र अभियानको समेत उपयुक्त दबाब पुगेको छैन । यसलाई सम्बोधन गर्न नेतृत्व गर्नुपर्ने राजनैतिक नेतृत्व सत्ताका वरिपरि भागबन्डामा बरालिएको छ भने स्थायी सरकार अनिर्णयको बन्धक भएको छ ।

अब के गर्ने होला ?

यी सबै कुराले हिउँदमा झरी विलाउँदै जाँदा हाम्रो समग्र जैविक प्रणालीमा गडबडी आएको छ र थपिने क्रम जारी छ । योसँगै, मूलत: आकासे पानीमा भर परेको नेपालको कृषि प्रणाली थप तहसनहस हुँदै जाने देखिन्छ । मिचाहा प्रजाति, रोग कीराको प्रकोप बढेको छ । वस्तुभाउको चरन, खर्क र घाँस मात्र हैन प्रजनन् क्षमता र उत्पादकत्व समेत घट्दै गइरहेको छ । जैविक गुण, प्रजाति र जैविक क्षेत्र सबै तहमा जैविक विविधताको व्यापक ह्रास भएको छ ।

यी सबै कुराबाट धेरै नै प्रभावित हामी नेपाली धेरै सामाजिक, सांस्कृतिक र वातावरणीय जटिलताबाट गुज्रिरहेका छौं । यी सबै कारणहरूले हावा, पानी, माटो र मानव स्वास्थ्यमा संकटहरू थपिँदै गएका छन् । हिउँदे झरी विलाउन थालेसँगै नेपालको हिउँदे र बर्खे दुवै खेतीपाती साथै जैविक विविधताको व्यापक ह्रास भएको छ ।

खासगरी, चैते धान, गहुँ, जौ, फापर, हिउँदे आलु, गेडागुडी र तेल बाली उत्पादनमा व्यापक असर परिरहेको छ । वस्तुभाउको उत्पादन धेरै नै प्रभावित भएको छ । खेती प्रणाली र पानी चक्रको अन्तरसम्बन्ध पुनर्स्थापित गर्न नसके यसले थप अन्योल र जोखिम बढाउनेछ । त्यसैत खेतीपाती थाम्न नसकेर पलायन भइरहेको किसान समुदायले यस्तो जोखिम लिनसक्ने कुरा आउँदैन । साथै भविष्यमा यस्ता जोखिम थप बढ्नेछन् । यसले खाद्य चुनौती थप जटिल हुनेछ ।

विलाउँदै गएको हिउँदे झरीलाई पानी-चक्रमा आएको महत्वपूर्ण फेरबदलको रूपमा लिएर नेपालको कृषि तथा खाद्य प्रणालीको दृष्टिकोण र ढाँचामा तत्कालै फेरबदल गर्नुपर्ने भएको छ । यसो नगरे अहिले अपनाइएको हरित क्रान्तिमा तथाकथित आधुनिक कृषि प्रणालीको जैविक कृषि प्रणालीमा रूपान्तरण गर्ने संक्रमणकालीन र दीर्घकालीन ढाँचा तत्कालै बनाउनुपर्नेछ । तत्कालै विलाएको हिउँदे झरीको प्रभावको आकलन गरी यसलाई सम्बोधन गर्न ढिलाइ गर्न हुँदैन ।

यसका साथै सामाजिक तथा भौतिक विकासका सबै आयामको वस्तुनिष्ठ समीक्षाका आधारमा परिमार्जन गर्ने अठोट अपरिहार्य भएको छ । दीर्घकालीन रूपमा प्रकृतिसम्मत खाद्य प्रणालीका साथै दिगो विकासका मापदण्ड विना शर्त लागू गर्नुको अर्को कुनै विकल्प छैन । खासगरी, परिवर्तित सन्दर्भमा खाद्य सम्प्रभुताको दृष्टिकोण र ढाँचामा आधारित दिगो कृषि प्रणालीको पुनर्निर्माण गर्न भइरहेको ढिलाइले समग्र खेती तथा खाद्य प्रणालीमा थप प्रतिकूल प्रभाव परिरहेको छ भन्ने बुझाइमै सबै तहमा स्पष्टता चाहिएको छ ।

अर्को अर्थमाह जलवायु, वातावरणीय र मानव स्वास्थ्य संकटहरूको सम्बोधन गर्न खेतीपातीका साथै विकासका अन्य आयामलाई प्रकृतिसम्मत दिगो विकासको दृष्टिकोण र ढाँचा पुनर्निर्माण गर्न आवश्यक देखिएको छ । यसका लागि विकासको दृष्टिकोण र ढाँचा, स्थानीय पर्यावरणीय विशेषता, पानी चक्र, कृषि जैविक विविधताको बुझाइलाई उन्नत बनाउँदै प्रभावकारी नीतिगत हस्तक्षेप बढाउन सबै तहमा उच्च नैतिक बल चाहिएको छ ।

अन्त्यमा, अनुहारमा लागेको दाग ऐना पुछेर हटाउने सपनामा अभ्यस्त हाम्रो समाजको नेतृत्व वर्गले यी सबै कुराको आत्मबोध गरी यस्तो दूरगामी प्रभाव सच्याउन निर्णायक बाटो पहिल्याउन कति जमर्को गर्ला ? यसैमा निर्भर हुनेछ हाम्रो अनिश्चित भविष्यको नियति !

(साभार: अनलाइनखबर)

माओवादी विधान अधिवेशन : औचित्य के ?

रमेश गुरागाईं

माओवादी केन्द्रले ठिक दुई वर्षअघि पार्टीको महाधिवेशन सम्पन्न गरेको थियो । विधानसम्बन्धी एजेन्डामाथि समेत सोही महाधिवेशनले आवश्यक निर्णय गरेको थियो । पार्टीमा विधानका लागि छुट्टै अधिवेशन गर्ने प्रचलन थिएन । महाधिवेशनको अन्त्यतिर केन्द्रीय समिति सदस्य चयन गर्ने एजेन्डा थियो । त्यसको विधि चलनचल्ती अनुसार पार्टी अध्यक्ष प्रचण्डले नाम पढ्ने र प्रतिनिधिहरूले ताली पड्काउने छँदै थियो । अध्यक्षले नाम पढ्दापढ्दै कहिले एउटा सूची पढ्ने, कहिले अर्को पढ्ने र नाम पनि दोहोरिन थाल्ने भयो । जसलाई पछि मिलाउने घोषणा गरियो । महाधिवेशन हलको मनोवैज्ञानिक सन्तुलन मिलाउन अध्यक्षबाट छिटै छुट्टै विधान अधिवेशन आयोजना गर्ने उद्घोष भएको थियो ।

महाधिवेशनबाट केन्द्रीय सदस्य दुई सय ९९ बनाउने विधानमा व्यवस्था गरिएको थियो । एक वर्षपछि भएको बैठकमा केन्द्रीय समिति सदस्य चार सयभन्दा बढी पुगेकाले फेरि विधान अधिवेशनको प्रसङ्ग निस्कियो । र, गत पुसमा विधान अधिवेशनमा पेस गर्ने मस्यौदा तयार पार्न पार्टी उपाध्यक्ष पम्फा भुसालको नेतृत्वमा सात सदस्यीय कार्यदल गठन गरियो । यसरी हेर्दा विधान अधिवेशनको उद्देश्य केन्द्रीय सदस्यको संख्या ठोस गर्नका लागि हो कि जस्तो देखिन्छ । कम्तीमा यति भन्न सकिन्छ कि यस अधिवेशनको माग केन्द्र, प्रदेश वा स्थानीय समितिको होइन, स्वयं अध्यक्षको प्रस्ताव हो ।

एमालेले केही वर्ष अघिदेखि विधान अधिवेशन छुट्टै गर्न थालेको थियो । खासगरी महाधिवेशनमा प्रत्यक्ष निर्वाचनमार्फत सबै पदाधिकारी चयन गर्न थालेपछि उसले विधानका लागि छुट्टै अधिवेशन आयोजना गर्न थालेको हो । त्यसमा उसको तर्क के थियो भने निर्वाचनमा सबै प्रतिनिधिको ध्यान केन्द्रित हुन थालेकाले विधानजस्तो पार्टी जीवनका लागि अति महत्वपूर्ण दस्तावेजतर्फ गम्भीरतापूर्वक छलफल गर्न र गराउन त्यसो गरिएको हो ।

शान्तिप्रक्रियामा आएपछि बेलाबेला माओवादीभित्र आफ्नो मौलिकता कम र अरुको नक्कल बढी हुँदै आएको छ । छुट्टै विधान अधिवेशनको आयोजना किन गरियो भन्ने प्रश्न थाती राखेर पार्टीपङ्क्ति अघि बढ्नुपरेको छ ।

प्रस्तावित मस्यौदा कि प्रस्तावित संशोधन ?

माओवादी केन्द्र नयाँ गठन हुन लागेको पार्टी होइन । यो जनयुद्धमार्फत इतिहासको रचना गरेर आएको राजनीतिक शक्ति हो । त्यसपछि र अघि पनि शान्तिपूर्ण प्रतिस्पर्धामा सहभागी भएको पार्टी हो । पार्टीको विधान नभएको पनि होइन । यसबेला सिङ्गै विधानको मस्यौदा किन आवश्यक पर्‍यो ? हाल कार्यान्वयनमा रहेको विधानमा अपुग वा आवश्यक विषय थप्ने र बढी भएको वा अनावश्यक विषय हटाउन किन सकिएन ? अर्थात् संशोधन प्रस्ताव तयार गर्ने कार्यदल नबनाएर किन मस्यौदा कार्यदल बनाइयो ? प्रश्नका चाङ छन् तर आजकाल माओवादीमा न कसैले जवाफ दिन्छ, न त प्रश्नलाई पक्रेर कोही बसिरहन्छ ।

कार्यदलले तयार गरेको मस्यौदामा मुख्यत: संगठनको क्षेत्रमा तीनवटा नयाँ अर्थात् संशोधित विषय छन्– १) केन्द्रीय समिति सदस्य संख्या एक सय ५१ बनाउने । २) जिल्ला समन्वय समितिलाई कार्यकारी बनाउने । ३) काठमाडौं उपत्यकामा रहेको प्रदेशस्तरको सम्पर्क समन्वय समितिलाई सोहीस्तरको विशेष समितिमा मर्ज गर्ने । के यतिका लागि विधान अधिवेशनको ‘फन्डा’ रचियो ? अधिवेशन सकेर घर फर्किंदै गर्दा नेता-कार्यकर्ताको दिमागमा यो प्रश्नले पिछा नगर्ला भन्न सकिन्न ।

विधान संशोधनका लागि कम्तीमा तीन महलमा प्रस्ताव तयार गर्नु उचित हुने थियो– हालको व्यवस्था, नयाँ व्यवस्था र संशोधन गर्नुपर्ने कारण । केन्द्रीय समिति सदस्य संख्या पहिला कति थियो ? हाल एक सय ५१ बनाउनुपर्ने कारण के हो ? विगतमा पार्टीको जिल्ला समितिलाई समन्वयकारी बनाएर संघीयता कार्यान्वयनको सन्देश दिइएको थियो । अहिले कार्यकारी बनाउनुपर्ने औचित्य पुष्टि कार्यदलले गरेको छैन । त्यसैगरी सम्पर्क समन्वय समितिको संशोधित विषयमा पनि प्रष्टीकरण नहुँदा अन्योलता थपिएको छ ।

विधान भर्सेज निर्देशन

माओवादी केन्द्रको कोशी प्रदेश समितिले मातहतका पार्टी समितिलाई आगामी फागुन १४ गतेदेखि वडा अधिवेशन गर्नुपर्ने निर्देशन पठाएको छ । जब कि वडा अधिवेशन कहिले गर्ने भन्ने व्यवस्था विधानमै गरिएको छ । वडा समितिको कार्यकाल गत मंसिरमा गुज्रिसकेको छ । पालिका समितिको कार्यकाल पनि विधानमा दुई वर्ष तोकिएको छ । देशभरि कार्यअवधि सकिएका समिति अस्तित्वमा छन् । सबैको बुझाइ एउटै छ कि ‘माथि’बाट निर्देशन आएपछि अधिवेशन र नयाँ समिति बन्नेछन् । यो त उदाहरण मात्र हो । माओवादीभित्र विधानका

> पार्टी सञ्चालन गर्ने सर्वोच्च नियम हो विधान, तर यस रूपमा माओवादीले विधान कहिल्यै प्रयोग गरेको छैन । विधानले व्यवस्था गरेका काम सम्पादन गर्न माओवादीमा “माथि”को निर्देशन चाहिन्छ । कुनै समितिले आफ्नो सिर्जनशीलतामा विधानअनुसार पार्टीकै हितमा केही काम गरिहाल्यो भने “माथि”बाट त्यसको “भाले सातो” लिइन्छ ।

खिलाफमा हुने हरेक काम ठट्टाजस्तो हुन्छन् ।

पार्टी सञ्चालन गर्ने सर्वोच्च नियम हो विधान, तर यस रूपमा माओवादीले विधान कहिल्यै प्रयोग गरेको छैन । विधानले व्यवस्था गरेका काम सम्पादन गर्न माओवादीमा ‘माथि’को निर्देशन चाहिन्छ । कुनै समितिले आफ्नो सिर्जनशीलतामा विधानअनुसार पार्टीकै हितमा केही काम गरिहाल्यो भने ‘माथि’बाट त्यसको ‘भाले सातो’ लिइन्छ ।

पार्टी संगठन र काममा चिन्ता र चासो दिने नेता तथा कार्यकर्ता विधानमा टेकेर हिँड्न खोज्छन् तर ‘माथि’को निर्देशनको पालना गर्न बाध्य छन् । यस विषयमा सबैको जिज्ञासा र माग रहँदै आएको थियो कि पार्टीले विधान कार्यान्वयनमा जोड देओस्, न कि नयाँ विधान निर्माण । विधान उल्लैन हुने गरी केन्द्रीय समिति सदस्य संख्या निर्धारण नगरियोस्, सीमाभित्र बसेर निर्धारण गरियोस् । बरु, पार्टीका सबै तहमा प्रत्यक्ष निर्वाचनबाट समिति गठन गरियोस् ।

प्रतीक्षा गरौं, विधान अधिवेशनले पार्टी जीवनमा माओवादी केन्द्रलाई कहाँ पुर्‍याउँछ– अकबर र वीरबलको कथा बनाउँछ कि ‘आफ्नै टाउकोमा आगो सल्काउँछ’ ? अधिवेशनमा ‘प्रसाद’ वितरण हुन्छ कि ‘हेडक्वार्टरमा बम बर्साउन’ आह्वान गरिन्छ ? यी सवालमा पहिलो छनोटले माओवादीलाई इतिहासको पानामा छाडिदिन्छ । दोस्रो छनोटले क्रान्तिकारी विरासतसहित पार्टीलाई नयाँ नेपालको नेतृत्वमा स्थापित गर्छ ।

(साभार: रातोपाटी)

टिकटकले सरकारलाई लेख्यो ५ बुँदे प्रतिबद्धता पत्र, शर्त मान्न तयार

काठमाडौं/टिकटकले नेपाल सरकारलाई अर्को पत्र लेखेर प्रतिबन्ध हटाउन आग्रह गरेको छ । आइतबार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा पत्र पठाउँदै टिकटकले नेपालको कानुनअनुसार आफ्नो प्लेटफर्म चलाउने प्रतिबद्धता जनाउँदै प्रतिबन्ध फुकाइदिन आग्रह गरेको हो ।

टिकटकले समाजिक द्वेष फैलाएको र सामाजिक मर्यादा बिथोलेको भन्दै मन्त्रिपरिषद बैठकले गत २७ कात्तिकमा टिकटक बन्द गर्ने निर्णय गरेको थियो । त्यसपछि टिकटकले ३० कात्तिकमा नेपाल दूर सञ्चार प्राधिकरण र २० मंसिरमा सञ्चार मन्त्रालयलाई पत्र लेख्दै प्रतिबन्धको निर्णय फिर्ता लिन आग्रह गरेको थियो ।

आइतबार फेरि सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्मालाई सम्बोधन गर्दै टिकटकले पत्र लेखेको छ ।पत्रमा के छ ?

पत्रमा टिकटकले नेपालले उठाउँदै आएका सरोकारलाई सम्बोधन गर्ने प्रतिबद्धता जनाएको छ । 'टिकटक नेपालमा व्यापार निरन्तरताका लागि ५ प्रमुख क्षेत्रहरूमा थप काम गर्ने प्रतिबद्धता जनाउन चाहान्छ,' पत्रमा भनिएको छ ।

टिकटकमाथि प्रतिबन्ध लगाउनुभन्दा केही दिन अगाडि सरकारले सामाजिक सञ्जालसम्बन्धी निर्देशिका ल्याएको थियो, जसमा यस्ता प्लेटफर्म नेपालमा दर्ता गर्नुपर्ने, सम्पर्क कार्यालय खोल्नुपर्ने जस्ता प्रावधान छ । टिकटकले आइतबार पठाएको पत्रमा नेपालको यो व्यवस्था पूरा गर्न तयार रहेको बताएको छ । पाँचबुँदे पत्रको पहिलो बुँदामा नै टिकटकले नेपालको कानुनी प्रक्रिया पुरा गर्न तयार रहेको बताएको छ ।

प्रतिबन्ध लगाउँदा नेपाल सरकारले देखाएको कारणलाई पनि सम्बोधन गर्ने प्रयास पनि टिकटकले गरेको छ । सरकारले सामाजिक तथा पारिवारिक सद्भावमा खलल पुऱ्याउने खालका कन्टेन्ट टिकटकमा आएको तर्क गरेको थियो । नयाँ पत्रमा टिकटकले आफ्नो प्लेटफर्ममा भएका कुनै पनि कन्टेन्टबारे नेपालको चासो वा सरोकार प्रत्यक्ष राख्न दिने र त्यसलाई सम्बोधन गर्न फोकल प्वाइन्ट (सम्पर्क बिन्दु) तोक्ने समेत बताएको छ ।

साथै नेपाली भाषाका सामाग्रीहरुको फिल्टर गर्न आवश्यक प्रबन्ध गर्ने समेत प्रतिबद्धता जनाएको छ । टिकटकमा नेपाली भाषा प्रयोग भएका कतिपय अश्लिल समाग्रीहरु प्रणालीले नचिन्दा फिल्टर नहुने समस्या छ । त्यसैलाई ध्यानमा राखेर टिकटकले सामग्री फिल्टरिङ र मध्यस्थता बढाउन नेपाली भाषाको सोर्स पनि अनबोर्ड गर्ने टिकटकको प्रतिबद्धता छ ।

टिकटकले राष्ट्रव्यापी इन्टरनेट सुरक्षा र डिजिटल साक्षरता अभियान सुरु गर्न पनि प्रतिबद्धता जनाएको छ । शैक्षिक नतिजा सुधार्न विद्यालय र कलेज विद्यार्थीहरूका लागि शैक्षिक सामग्री डिजिटलाइज्ड गर्न सहयोग गर्ने प्रतिबद्धता पनि टिकटकले जनाएको छ । 'हामी एउटा यस्तो पक्षमा काम गर्न तपाईंको हार्दिक सहयोग खोज्छौं र नेपालमा टिकटक प्रतिबन्ध खोल्न अनुरोध गर्न चाहन्छौं,' मन्त्री शर्मालाई टिकटकले लेखेको पत्रमा उल्लेख छ ।

पत्रमा शान्तिप्रेमी, विनम्र र सांस्कृतिक विविधतायुक्त नेपाली समुदायले टिकटकलाई आफ्नो प्लेटफर्म ठान्ने गरेको उल्लेख छ । 'विश्वव्यापी डिजिटल प्लेटफर्मको रूपमा प्रयोगकर्ता र प्लेटफर्मको सुरक्षा सुनिश्चित गर्नु हाम्रो मुख्य चासो हो,' पत्रमा भनिएको छ, '४० हजारभन्दा बढी सुरक्षाविज्ञहरूले विश्वव्यापी रूपमा टिकटकका बलियो सोसियल गाइडलाइन्स कायम राख्न र लागू गर्न नवीन प्रविधिको साथ काम गर्छन् ।' टिकटकले पत्रमा सामग्रीमा देखिने स्थानीय सांस्कृतिक र कानुनी सन्दर्भहरु पनि हेर्ने गरेको उल्लेख गरेको छ ।

टिकटकको टोली नेपालमा

यसअघि पनि विभिन्न तहमा छलफल गर्दै टिकटकको प्रतिबन्ध खोल्न सरकारसँग आग्रह गर्दै आएको छ । विशेषगरी चिनियाँ सरकारी अधिकारीहरुले टिकटक माथिको प्रतिबन्धप्रति असन्तुष्टि पोख्दै आएका छन् ।

तर, गत २५ माघ (बिहीबार)मा पनि टिकटकका आधिकारिक प्रतिनिधिहरुले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा पुगेर छलफल गरेका थिए । आइतबार टिकटकले पत्रमा सञ्चार मन्त्राालयलाई आफ्नो प्रतिनिधिमण्डलसँग छलफल गरेकोमा धन्यवाद समेत दिएको छ ।

मन्त्रालय स्रोतका अनुसार टिकटकका नेपाल प्रतिनिधिसहित कम्पनीका आधिकारिक प्रतिनिधिमण्डल छलफलका लागि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसँग समय माग्दै प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पुगेका थिए ।

तर, सञ्चार मन्त्रालयमा नै छलफल गर्न भन्दै प्रधानमन्त्री कार्यालयलाई टोलीलाई फिर्ता गरेको थियो । त्यसपछि सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्मा, सञ्चार सचिव रामकृष्ण सुवेदी र मन्त्रालयका सहसचिवहरुको उपस्थितिमा छलफल भएको थियो ।

बैठकमा सहभागी एक अधिकारीका अनुसार टिकटकले नेपालमा टिकटकको 'सोसियल गाइडलाइन्स' पालना भए/नभएको हेर्न मात्रै ६० जना जनशक्ति व्यवस्थापन गरिएको जानकारी गराएको थियो ।

'टिकटकका प्रतिनिधिले कानून उल्लंघन गर्ने कुनै पनि सामग्रीको विषयमा रिपोर्ट गर्न सक्ने 'ट्रस्ट एण्ड सेफ्टी इन्फोर्समेन्ट टुल (टीएसईटी)' प्रणालीको को पहुँच नेपाल सरकारका लागि खुला गरि सकेको बताएको छ,' छलफलमा सहभागी एक अधिकारीले भने, 'नेपालमा डिजिटल सर्भिस ट्याक्स पेयरको रूपमा दर्ता भएको र कम्युनिटी गाइडलाइन्स उल्लंघन गर्ने लाखौं भिडियो प्लेटफर्मबाट हटाएको दाबी पनि गरेका थिए ।'

टिकटकका प्रतिनिधिले इन्टरनेटकै सुरक्षित स्थानका रुपमा टिकटकलाई स्थापित गर्न महत्वपूर्ण कदम चालिरहेको दाबी पनि गरेका थिए । नेपाल दूरसञ्चार प्राधिकरण, प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) र साइबर ब्युरोसँग नियमित सम्पर्कमा रहेर कार्यक्रम समेत गरेको भन्दै प्रतिबन्ध खोल्न जोड दिएका थिए । आफ्नो प्लेटफर्म र प्रयोगकर्ताको सुरक्षा सुनिश्चित गर्न नेपाल सरकारसँग सहकार्य गर्न प्रतिबद्ध रहेको टिकटकका प्रतिनिधिहरुको भनाइ छ ।

उनीहरुले प्रतिबन्धको साटो प्रतिस्पर्धाको समान धरातल र सहयोगी वातावरणका लागि सरकारले ठोस सहयोग गर्नुपर्ने बताएका थिए । रचनात्मक अभिव्यक्तिका लागि आफ्नो प्लेटफर्म महत्वपूर्ण भएको भन्दै सरकारसँग बलियो सहकार्य गरेर अघि बढ्न चाहेको बताएका थिए ।

जवाफमा सञ्चार मन्त्री शर्माले २३ कात्तिकमा जारी गरेको सामाजिक सञ्जाल सम्बन्धी निर्देशिकाअनुसार नेपालमा 'सम्पर्क विन्दु' स्थापना गर्न आग्रह गरेकी थिइन् । निर्देशिकाले ३ महिनाभित्रै सम्पर्क विन्दु खोल्नुपर्ने भने पनि थप समय दिन सरकार तयार रहेको उनको भनाइ थियो । निर्देशिकाअनुसार एक लाखभन्दा बढी प्रयोगकर्ता रहेका सामाजिक सञ्जाल सञ्चालकलाई नेपालमै कार्यालय स्थापना गर्नुपर्ने व्यवस्था रहेको मन्त्री शर्माले जानकारी गराएकी थिइन् ।

मन्त्री शर्माले नेपालका लागि स्थानीय सन्दर्भको कम्युनिटी गाइडलाइन्स चाहिने र त्यस्तो गाइडलाइन्स उल्लंघन भएमा सामग्री तुरुन्तै हटाउने विषय पनि महत्वपूर्ण रहेको बताएकी थिइन् । उनले लाइभ स्ट्रिमिङमा देखिने गरेको विकृति नियन्त्रणबारे पनि स्पष्ट योजना मागेकी थिइन् ।

जवाफमा टिकटकका प्रतिनिधिहरुले नेपालमै कार्यालय खोल्दा ठूलो खर्च लाग्ने भन्दै सकेसम्म कार्यालय नै खोल्नुपर्ने व्यवस्थामा सहजीकरण गरिदिन आग्रह गरेका थिए भने सरकारले उठाएका अन्य विषयमा आफूहरु सकारात्मक नै रहेको बताएका थिए ।

सो छलफलपछि प्रतिनिधि मण्डल फर्किएसँगै टिकटकले छलफलमा उठेका विषयहरु सम्बोधन गर्न विभिन्न प्रतिबद्धतासहित पत्र पठाएको मन्त्रालय स्रोतले बतायो । पत्रमा सम्पर्क विन्दु खोल्ने प्रतिबद्धता समेत टिकटकले जनाएको छ ।

यसले टिकटकको प्रतिबन्ध खुल्ने वातावरण बन्दै जान थालेको विश्लेषण सञ्चार मन्त्रालयका अधिकारीहरुको छ । 'व्यक्ति, समुदाय, जातजाति, लिंग, धर्म, उमेर, वर्ण, वर्ग, पेशा, सम्प्रदाय, वैवाहिक अवस्था, पारिवारिक अवस्था, शारीरिक तथा मानसिक अवस्था, उत्पत्ति, यौनिक अल्पसंख्यक, भाषाभाषी तथा कानुनले संरक्षण गरेका अन्य समूह वा वर्गलाई लक्षित गरी गाली बेइज्जती नहुने र घृणा नफैलिने वातावरण बनाउन टिकटक प्रतिबद्ध भएर आएको छ,' मन्त्रालय स्रोतले भन्यो, 'टिकटकले हिंसा फैलने, सामाजिक सद्भाव बिग्रने लगायत दुष्परिणाम न्यूनीकरण गर्न पत्रको प्रतिबद्धता अनुसार तुरुन्तै सम्पर्क विन्दु स्थापना गऱ्यो भने प्रतिबन्ध खोल्नु नै पर्छ ।'

(साभार: अनलाइनखबर)

नवप्रवर्तन र उद्यमशीलता प्रवर्द्धनका लागि अन्तराष्ट्रिय सम्मेलन

साझाकुरा संवाददाता

ELCOME TO THE PRESS CONFERENCE
INTERNATIONAL CONFERENCE ON CAPACITY DEVELOPMENT
for fostering innovation and entrepreneurship
FEB 17 & 18
#innopreneurship
#TogetherWeCan
2024
PUM
NYEF

हेटौंडा, २९ माघ/ हेटौंडामा पहिलोपटक नवप्रवर्तन र उद्यमशीलताको प्रवर्द्धनका लागि अन्तराष्ट्रिय सम्मेलन हुने भएको छ । हेटौंडा स्कुअफ म्यानेजमेन्टको मुख्य आयोजनामा आगामी फागुन ५ र ६ गते हेटौंडामा सम्मेलन हुने भएको हो ।

म्यानेजमेन्टले बिभिन्न संघसंस्थाको साझेदारीमा सम्मेलन गर्न लागिएको हेटौडामा सोमबार पत्रकार भेटघाट गरी जानकारी दिएको हो । सम्मेलनमा सीप र पूर्वाधार ज्ञान अधिबृद्धि गर्न, मानवसंसाधन क्षमता अभिबृद्धि गर्न, अन्तर क्षेत्र सहयोगको सहजीकरण गर्न सहयोग पुग्ने म्यानेजमेन्ट प्रमुख पुरनबहादुर जोशीले बताए । दुई दिनसम्म हुने सम्मेलनमा शुल्क तिरेर सहभागिता जनाउन पाइने बताइएको छ ।

सम्मेलनमा सरकारबाट नवप्रवर्तन र इन्क्युबेशन विकास गर्ने अपेक्षा गरिएको छ । त्यसैगरी वित्तीय सेवाहरुमा नवीनता, आवश्यकता र सम्भावना, उद्यमशीलताको प्रवर्द्धनका लागि बित्तीय संस्थाहरुको भूमिका विषयमा जानकारी गराइने आयोजकले जनाएको छ । कार्यक्रममा बिभिन्न ५ देशका श्रोतव्यक्तिहरुसँगको छलफल तथा नेटवर्कको अवसर हुनेछ । नेपालको उद्यमशीलता विकासमा लागेका २५ जना भन्दा बढी श्रोतव्यक्तिसँगको छलफल तथा नेटवर्कको अवसर प्रदान गर्ने आयोजकले जनाएको छ ।

'दयारानी'ले तीन दिनमा १ करोड २५ लाख कमाएको वितरकको दाबी

काठमाडौं/गत कात्तिकयता सुस्ताएको नेपाली फिल्मको बजारलाई यही शुक्रबार देखि प्रदर्शनमा आएको फिल्म 'दयारानी'ले केही हदसम्म राहत दिलाएको छ । शुक्रबार र शनिबार सुखद् व्यापार गरेको फिल्मले तीन दिनमा १ करोड २५ लाख कमाएको वितरक कम्पनी स्टेशन फाइभका प्रचण्डमान श्रेष्ठले जानकारी गराएका छन् । चलचित्र विकास बोर्डले फिल्मको कमाई सार्वजनिक गर्न छाडेकाले अहिले वितरक र निर्माताले उपलब्ध गराएको आँकडालाई नै आधार मान्नुपर्ने अवस्था छ ।

प्रचण्डमानका अनुसार, फिल्मको व्यापार काठमाडौं उपत्यकाभन्दा मोफसलमा बलियो छ । विशेषगरी फिल्मको कमाईमा पोखराको ठूलो योगदान छ । फिल्मका निर्देशक माओत्से गुरुङ पोखरा निवासी भएकाले त्यहाँका स्थानीय हलमा फिल्मले हरेक दिन उल्लेख्य दर्शक पाइरहेको छ । पोखराको मिडटाउन सिनेमाजले मंगलबारका लागि मात्र फिल्मलाई ६ शो उपलब्ध गराएको छ । यसले पनि पोखरामा फिल्मको क्रेज दर्शाउँछ ।

वितरक श्रेष्ठले सोमबार समेत पोखरासहितका केही हलहरुमा दर्शकको चाप सुखद् रहेको दाबी गरेका छन् । 'माउथ पब्लिसिटी' बलियो रहेकाले आगामी दिनमा पनि व्यापार स्थिर रहने उनको विश्वास छ । फिल्मले गुरुङ समुदायको कथा उठाएकाले हलमा पनि यही समुदायका दर्शकको उपस्थिति बढी छ । फिल्मको व्यापार राम्रो भएपछि निर्देशक गुरुङले खुसी व्यक्त गरेका छन् ।

फिल्ममा दयाहाङ राई, दीया पुन, नयन गुरुङ, शिरिषा कुँवर, पुष्कर गुरुङ, प्रमिश गुरुङ, विजय बराल लगायतको अभिनय छ । नि:सन्तान दम्पतीको कथामा आधारित रहेको फिल्मका कार्यकारी निर्माता रामबाबु गुरुङ र अपिल विष्ट हुन् । फिल्ममा 'ए हो र' संवाद बोल्ने नयनको कामलाई दर्शकले विशेष रुचाएका छन् । प्रिमियरमा पनि उनकै प्रशंसा भएको थियो ।

सरकारी बिज्ञापन प्रसारणमा ठगी गर्ने एजेन्सीमाथि बोर्डको कारवाही

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
विज्ञापन बोर्डको कार्यालय
बबरमहल, काठमाण्डौ

काठमाडौं/बिज्ञापन बोर्डले सरकारी बिज्ञापन प्रसारणमा ठगी गर्ने एक एजेन्सीलाई कारवाही गर्दै कारोबार रोक्का राख्ने निर्णय गरेको छ ।

बोर्डले काठमाडौं अनाम नगरस्थित कोकिल मिडियालाई १० हजार रुपैयाँ जरिबाना र २०८१ असार मसान्तसम्म विज्ञापन कारोबार रोक्का गर्ने निर्णय गरेको छ ।

नसर्ने रोग रोकथाम तथा नियन्त्रण सम्बन्धी विज्ञापन प्रसारण गर्न राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रसँग उक्त एजेन्सीले १२ असोज २०८० मा गरेको सम्झौतामा उल्लेखित रकमभन्दा अत्यधिक सेवा शुल्क लिने गरी विज्ञापन प्रसारण आदेश दिएको पाइएकोले जरिबाना गरिएको बोर्डले जनाएको छ ।

कोकिल मिडियाले केन्द्रसँग विज्ञापन प्रसारणवापत प्रतिस्पट १ सय ६ रुपैयाँ ६१ पैसामा सम्झौता गरी एफएम रेडियोमा प्रतिस्पट ११ रुपैयाँ ११ पैसामा प्रसारण आदेश दिई प्रतिस्पट ९८ रुपैयाँ ५० पैसा अर्थात् ९ सय ८६ दशमलव ५८ प्रतिशत सेवा शुल्क लिने तयारी गरेको पाइएपछि बोर्डले कारबाहीको निर्णय गरेको हो ।

त्यसैगरी कोकिल मिडियाले ५२ वटा एफएम रेडियोबाट विज्ञापन प्रसारण गर्नुपर्नेमा २० मा मात्र विज्ञापन प्रसारण आदेश दिएको पाइएकाले बोर्डको १९ माघमा बसेको बैठकले विज्ञापन (नियमन गर्ने) नियमावली २०७७ (पहिलो संशोधनसमेत) को नियम ११ (ख) को उपनियम (१) बमोजिम २०८१ असार मसान्तसम्म उक्त एजेन्सीको विज्ञापन कारोबार रोक्का राख्ने र त्यस अवधिसम्म उक्त एजेन्सीलाई विज्ञापन बोर्डमा सूचीकरण समेत नगर्ने निर्णय गरेको जनाएको छ ।

कोकिल मिडियाले विज्ञापन ऐन २०७६ को दफा २६ बमोजिम बोर्डमा सूचीकरण नभएको, राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र टेकुबाट ५२ वटा एफएम रेडियोमा विज्ञापन प्रसारण गर्नुपर्ने कार्यादेश पाएकोमा २० मा मात्र प्रसारण आदेश पठाइ ३२ मा प्रसारण आदेश नै नदिएको र प्रसारणको आदेश दिएका एफएममा समेत अत्यधिक ९ सय ८६ दशमलव ५८ प्रतिशत सेवा शुल्क राखी कालोबजारी गरेको छानबिन क्रममा पाइएपछि कारबाही गरिएको बोर्डका प्रमुख प्रशासकीय अधिकृत निशानराज गौतमले जानकारी दिए ।

सरकारी बिज्ञापन प्रसारणमा झण्डै ९० प्रतिशत चुहावट हुने गरेको भन्दै आलोचना हुने गरेको छ । सरकारले यसै बर्षदेखि भुक्तानीका लागि मिडिया हाउसको बिलसमेत प्रमाणका रुपमा पेश गर्नुपर्ने नीति बनाएको छ । बोर्डले बिज्ञापनमा हुने ठगिमाथि पहिलोपटक कारवाही गरेको हो ।

मौद्रिक नीतिको समीक्षाले थप ३० अर्ब कर्जा विस्तारको बाटो खुल्यो

काठमाडौं/नेपाल राष्ट्र बैंकले मौद्रिक नीतिको दोस्रो त्रैमासिक समीक्षामार्फत बढाएको 'रेगुलेटरी रिटेल पोर्टफोलियो' को दायराले समग्र प्रणालीबाट थप ३० अर्ब कर्जा प्रवाहको बाटो खुलेको छ ।

मौद्रिक नीतिको समीक्षाले २ करोडसम्मको कर्जालाई 'रेगुलेटरी रिटेल पोर्टफोलियो' मा गणना गर्न पाउने व्यवस्था गरेको छ । यसअघि १ करोडसम्मको कर्जालाई मात्रै यस्तो गणनामा समावेश गर्न पाउने व्यवस्था थियो ।

नेपाल राष्ट्रबैंक स्रोतका अनुसार १ करोडदेखि २ करोड सम्म आकारको कुल कर्जा १ खर्ब ५० अर्ब रुपैयाँ हाराहारी छ । तर, त्यसमध्ये सबै कर्जालाई यसरी रेगुलेटरी रिटेल पोर्टपोलियोमा गणना गर्न पाइँदैन । यस सम्बन्धी अन्य मापदन्डसमेतलाई ध्यान दिँदा १ खर्बभन्दा बढी कर्जा नयाँ व्यवस्थाअनुसार यो पोर्टफोलियोमा पर्ने पनि स्रोतको भनाइ छ ।

यस्तो पोर्टफोलियोमा परेको कर्जाको जोखिम भारित अनुपात ७५ प्रतिशत मात्रै हुने राष्ट्रबैंकको नियम छ । त्यसअघि यस्तो अनुपात १०० प्रतिशत हुन्थ्यो । १०० प्रतिशत जोखिम भारित अनुपात हुने कर्जा प्रवाह गर्दा बैंकले पुँजी पर्याप्तता अनुपात साढे ११ प्रतिशत कायम गर्नुपर्छ । अर्थात् १ सय कर्जा प्रवाह गर्दा बैंकले आफ्नो पुँजीको हिस्सा ११ दशमलव ५ राख्नुपर्छ ।

जोखिम भारित अनुपात ७५ मा झरेपछि अब त्यस्तो पुँजी ८ प्रतिशत कायम गरे हुन्छ । यस्तो अवस्थामा बैंकहरुलाई थप कर्जा प्रावहका लागि ३ अर्ब ५० करोड रुपैयाँ पुँजीकोष उपलब्ध हुन्छ ।

यो पुँजीकोषका आधार मा बैंकहरुले ३० अर्बभन्दा बढी थप कर्जा प्रवाह गर्न सक्छन् ।

हाल बैंकहरुमा पुँजीकोषको दबाब रहेकाले त्यसलाई सहज बनाउन यो व्यवस्था गरिएको राष्ट्रबैंकका प्रवक्ता डा. गुणाकर भट्टले बताए । मौद्रिक नीतिमा गरिएको नयाँ व्यवस्थाले बैंकको पूँजीकोषमा देखिएको दबाब केही हदसम्म कमी हुने बैंकर्स संघ अध्यक्ष सुनिल केसीले बताए ।

बैंकहरुले ३ करोडसम्मको कर्जालाई रेगुलेटरी रिटेल पोर्टफोलियोमा गणना गर्न पाउने व्यवस्था गर्न माग गरेका थिए । तर, राष्ट्र बैंकले २ करोडसम्मको कर्जालाई यस्तो व्यवस्था गरेको छ ।

संस्थागत निक्षेपकर्तालाई फाइदा

नेपाल राष्ट्र बैंकले व्यक्तिगत मुद्दती निक्षेपमा प्रदान गर्ने ब्याजदरभन्दा १ प्रतिशत बिन्दुसम्म मात्रै न्यून राख्न पाउने गरी गरेको व्यवस्थाले संस्थागत निक्षेपकर्तालाई फाइदा हुने भएको छ ।

हाल संस्थागत मुद्दती निक्षेपको ब्याजदर निर्धारण गर्दा व्यक्तिगत मुद्दती निक्षेपमा प्रदान गर्ने ब्याजदर भन्दा २ प्रतिशत बिन्दुसम्मले न्यून राखी तय गर्नुपर्ने व्यवस्था थियो ।

यो व्यवस्थाले कर्मचारी सञ्चयकोष, नागरिक लगानीकोष, सेना तथा प्रहरीका कल्याणकारी कोषलगायत ठूलो रकम निक्षेप गर्ने अन्य सरकारी तथा गैरसरकारी निकायहरूलाई घाटा हुँदै आएको थियो ।

यो नयाँ व्यवस्थाले उनीहरुलाई सहज हुनेछ । 'विगतमा संस्थागत निक्षेपकर्तालाई बढी ब्याज दिँदा कर्जाको ब्याज पनि बढेको भन्दै अन्तर २ प्रतिशत पुऱ्याइएको थियो, अहिले त्यसलाई सच्याइएको हो,' राष्ट्रबैंकका प्रवक्ता डा. भट्टले भने ।

अहिले उच्च ब्याजदरको समस्या समाधान भएकाले सामान्य अवस्थाकै नीतिमा फर्किएको उनको भनाइ छ । 'यो व्यवस्थाले बचत गर्ने संस्थाहरुलाई फाइदा हुन्छ,' उनले भने ।

(साभार: अनलाइनखबर)

'लाल सिंह चड्ढा' फ्लप हुँदा आमिरलाई गहिरो प्रभाव

एजेन्सी, काठमाडौं/ बलिउड सुपरस्टार आमिर खानको पछिल्लो फिल्म 'लाल सिंह चड्ढा' सन् २०२२ मा रिलिज भएको थियो । हलिउड फिल्म 'फरेस्ट गम्प'को हिन्दी रिमेकको रुपमा निर्माण भएको यो फिल्मप्रति उनलाई ठूलो अपेक्षा थियो । तर, फिल्मले भारतमा सय करोड पनि कमाएन । यो फिल्म असफल हुँदा आमिरलाई गहिरो प्रभाव परेको उनकी पूर्व श्रीमती तथा निर्मात्री किरण रावले बताएकी छन् ।

उनले भनेकी छन्, 'जब कुनै पनि कुरामा तपाईं हरसम्भव कोशिश गर्नुहुन्छ तर त्यसले काम गर्दैन भने त्यो वास्तवमै निराशाजनक हुन्छ । 'लाल सिंह चड्ढा'को हकमा यही भयो । यसले आमिरलाई गहिरो प्रभाव पाऱ्यो । हामी सबै प्रभावित भएका थियौं । किनकि, हामीले यसको विभिन्न चरण पार गरेका थियौं । कोभिडको समयमा समेत काम गरेका थियौं । यो आमिरको ड्रिम प्रोजेक्ट थियो ।'

'फरेस्ट गम्प'को राइट्स लिन मात्र आमिरले एक दशक खर्चिएको किरणले स्मरण गरेकी छन् । 'लाल सिंह चड्ढा'की निर्मात्री समेत रहेकी उनले ओटीटी प्लेटफर्म (नेटफ्लिक्स)मा फिल्म रिलिज भएपछि मिलेको सकारात्मक प्रतिक्रियाबाट भने आफू खुसी रहेको बताएकी छन् । 'हामीले यो कुरा स्वीकार गर्नुपर्छ कि दर्शकलाई फिल्म मन परेन वा यस्तो फिल्म हेर्न चाहेनन्,' उनले भनेकी छन् ।

उनले आमिरको काम गर्ने शैलीको पनि प्रशंसा गरेकी छन् । आमिरलाई क्रियटिभ एनिमलको संज्ञा दिँदै उनी भन्छिन्, 'आमिर एक क्रिएटिभ एनिमल हुन् । उनी मनदेखि एकदमै क्रियटिभ व्यक्ति हुन् र जे काम गर्छन् त्यो पूर्णताका साथ गर्छन् । यो उनको डीएनए हो ।' आमिर र किरणले ३ वर्षअघि १५ वर्ष लामो वैवाहिक जीवनबाट अलग हुने निर्णय गरेका थिए । उनीहरुका एक छोरा छन् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140,
057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

उपमहानगरको आज स्थापना दिवस: खेलकुददेखि र रक्तदानसम्म

साझाकुरा संवाददाता

हेटौंडा, २९ माघ/ हेटौंडा उपमहानगरपालिकाले आज १ फागुन, मंगलबार ५५ औं स्थापना दिवस औपचारिक कार्यक्रम गरेर मनाउँदैछ । यसअघि स्थापना दिवसकै अबसरमा खेलकुद प्रतियोगितादेखि रक्तदानसम्मका कार्यक्रम गरिएको थियो ।

दिवस मनाउनका लागि नगरप्रमुख मीनाकुमारी लामाको संयोजकत्वमा गठित मूल समारोह समिति मातहत रहेको अतिरिक्त क्रियाकलाप समितिको आयोजनामा फुटबल, फुटसल, वडास्तरीय सरसफाई र रक्तादान कार्यक्रम गरिएको छ । स्थापना दिवसरको अवरमा अयोजित नगरप्रमुख टिम र प्रमुख प्रशासकीय अधिकृत टिमबीच हेटौंडा-५ पिप्ले क्याम्पा रंगशालामा भएको खेलमा नगरप्रमुख टिम ४-३ ले बिजयी भएको थियो ।

स्थापना दिवसको अवसरमा हेटौंडा-४ कमलडाडाँमा भएको महिला जनप्रतिनिधि र महिला कर्मचारीबीचको फुटसलमा कर्मचारी टोली ३-० गोल अन्तरले बिजयी भएको खेलकुद शाखाप्रमुख बसन्त सिटौंलाले बताए । दिवसरको सन्दर्भमा आयोजित जनप्रतिनिधि तथा कर्मचारी बीच हेटौंडा-४ हुप्रचौरमा भएको भलिवल प्रतियोगितामा २-१ को सेटमा कर्मचरी टिम बिजयी भएको थियो । स्थापना दिवसको अवसरमा वडामा सरसफाई कार्यक्रम सञ्चालन गरिएको छ ।

वडा कार्यालय र टोल विकास समितिको समन्वयमा सर सफाई कार्यक्रम भएको सामाजिक विकास महाशाखा प्रमुख भीमप्रसाद तिमल्सिनाले जानकारी दिए । पछिल्लो समय रगतको अभाब भइरहेको समयमा उपमहानगरको स्थापना दिवसको अवसरमा आयोजित रक्तदानमा कार्यक्रममा ३० जना सहभागी छन् । उपमहानगरको अयोजना तथा रक्तसञ्चार केन्द्रको समन्वयमा हेटौंडा उपमहा नगरपालिका परिसरमा अयोजित रक्तदानमा ३० जनाले रक्तदान गरेका हुन् । अतिरिक्त क्रियाकलाप हेटौंडा-१५ का अध्यक्ष सुनिल मोक्तानको संयोजनमा भएको हो ।

स्थापना दिवसमा सम्मान

हेटौंडा उपमहानगर पालिकाको ५५ औं स्थापना दिवस बिभिन्न सम्मान तथा प्रगति पुस्तिकाको बिमोचन सहित समापन हुने भएको छ ।

उपमहानगरक्षेत्र भित्र रहेर बिभिन्न क्षेत्रमा योगदान पुऱ्याएको व्यक्ति, सस्थालाई सम्मान सहित नगर प्रगति पुस्तिकाको विमोचन गरिने छ । उपमहानगरले ५५ औं स्थापाना दिवस पारेर उत्कृष्ठ कृषक, उद्यमी, खेलाडी, करदाता, शिक्षक, पत्रकार, कलाकार, कर्मचारी, सामाजिक संघसस्था, स्वास्थय स्वयमसेवीका, टोलविकास सस्था, बालसमूह र जग्गादातालाई सम्मान गर्ने उपमहानगपालिका समाजिक विकास महाशाखाप्रमुख तिमल्सिनाले बताए । नगर स्थापना दिवसको उद्घाटन नेपाल सरकारका कृषि तथा पशुपंक्षी विकास मन्त्री बेदुराम भूषालले गर्ने कार्यतालिका रहेको उपमहानगरले जनाएको छ ।

लोकतन्त्रवादी चेपाङ संघ मकवानपुरमा महेश

साझाकुरा संवाददाता

हेटौंडा, २९ माघ/नेपाली कांग्रेसको भातृ संगठन नेपाल लोकतन्त्रवादी चेपाङ संघ जिल्ला तदर्थ समिति मकवानपुरको अध्यक्षमा महेश चेपाङ मनोनित भएका छन् ।

संघका बागमती प्रदेश अध्यक्ष खेमबहादुर चेपाङले महेशलाई मकवानपुर जिल्लाको अध्यक्षमा मनोनयन गरेका हुन् ।

मनोनित अध्यक्ष महेशलाई तीन महिनाभित्र कार्यसमिति पूर्ण गरी अधिवेशन गर्न प्रदेश समितिले निर्देशन दिएको छ । मनोनित पछि अध्यक्ष चेपाङले नेपाली कांग्रेस र नेपाल लोकतन्त्रवादी आदिवासी जनजाति महासंघको विधि बिधानमा रहेर कार्य गर्ने प्रतिवद्धता जनाए । यसअघि लोकतन्त्रवादी चेपाङ महासंघको अध्यक्षमा मकवानपुरकै सन्तबहादुर चेपाङ मनोनित भइसकेका छन् ।

होमस्टे महासंघको सचिवालयमा कार्की

साझाकुरा संवाददाता

हेटौंडा, २९ माघ/ होमस्टे (घरबास) महासंघ नेपालको केन्द्रीय बैठक तथा रणनीतिक योजना तर्जुमा गोष्ठी भएको छ । जिल्ला समन्वय समिति पाल्पाको सभाहलमा माघ २८ र २९ गते भएको बैठकले बिभिन्न बिभागको गठन सहित विभिन्न निर्णयहरु गरेको छ ।

महासंघका केन्द्रीय अध्यक्ष प्रेमशंकर मर्दनियन थारुको अध्यक्षतामा भएको बैठकले १५ सदस्यीय सचिवालय सहित ४ वटा बिभाग गठन गरेको छ । सचिवालयमा मकवानपुरका माधब कार्की पनि अटाएका छन् । सचिवालय अध्यक्ष प्रेमशंकर मर्दनियन थारु, बरिष्ठ उपाध्यक्ष बाबुराजा महर्जन, उपाध्यक्ष धनिश्वर बस्याल, एकराज घिमिरे, प्रकाश गुरुङ, लक्ष्मीनारायण चौधरी, रचना बाठा, महासचिव कृष्णलाल चौधरी, सचिव गंगादेबी हायजू, कोषाध्यक्ष सुरज बास्तोला र सदस्यहरुमा भीमबहादुर केसी, दमन पाटामार, रिमबहादुर आले, धनकुमार आले रहेका छन् ।

बैठकले उपाध्यक्ष धनिश्वर बस्यालको संयोजकत्वमा विदेश बिभाग, केन्द्रीय सदस्य उर्मिला गुरुङको संयोजकत्वमा शिक्षा तथा सञ्चार बिभाग, महासचिव कृष्णलाल चौधरीको संयोजकत्वमा अध्ययन, अनुसन्धान तथा विकास बिभाग र पदेन सदस्य दिनेश दहितको संयोजकत्वमा साँस्कृतिक बिभाग गठन गरेको छ । बैठकले होमस्टे नेपाल कीर्तिपुरका बाबुराजा महर्जनलाई बरिष्ट उपाध्यक्षमा मनोनित गरेको छ ।

केन्द्रीय सचिवालय सदस्य कार्कीका अनुसार महासंघको सचिवालय बैठक मकवानपुरको थाहा नगरपालिका-२, स्थित डाँडाघरे बाको होमस्टेमा चैत्र ५ र ६ गते बस्ने निर्णय समेत गरिएको बताए । बैठकले महासंघको रणनीतिक योजना तयार गर्ने, केन्द्रीय कार्यालय ब्यवस्थापन गर्ने लगायतको निर्णय गरेको कार्कीले जानकारी दिएका छन् ।

मनहरीमा स्त्रीरोग सम्बन्धी शिविर

साझाकुरा संवाददाता

हेटौंडा, २९ माघ/ मकवानपुरको पश्चिमीक्षेत्रस्थित मनहरी गाउँपालिकाले विशेषज्ञ चिकित्सक सहितको स्त्रीरोगसम्बन्धी स्वास्थ्य शिविर सञ्चालन गरेको छ ।

गाउँपालिकाले विभिन्न वडामा २८ र २९ गतेसम्म चालु आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रममै महिलाका लागि यौन तथा प्रजनन् स्वास्थ्य शिविर कार्यक्रम समावेस गरी स्वास्थ्य शिविर सञ्चालन गरिएको गाउँपालिका स्वास्थ्य शाखाप्रमुख रामचन्द्र दाहालले बताएका छन् । मनहरी गाउँपालिकाको आयोजनामा र नेपाल परिवार नियोजन संघ मकवानपुरले प्राविधिक सहयोगमा शिविर सञ्चालन गरिएको हो । शिविरको पहिलो दिन माघ २८ गते आइतबार मनहरी गाउँपालिका वडा नं १ मा शिविर सञ्चालन भएको थियो । शिविरमा १ सय ३१ जना महिलाले सेवा लिएका थिए । सोमबार वडा नम्बर ३ मा शिविर सञ्चालन भएको थियो । हाँडीखोला स्वास्थ्य चौकीमा आयोजित शिविरमा १ सय ४७ जना महिलाले सेवा लिएका छन् ।

गाउँपालिका अध्यक्ष रन्जन कालाखेतीले स्वास्थ्य जस्तो संवेदनशील विषयमा आफूले पहिलो प्राथमिकता दिएर अघि बढेको बताएका छन् । विपन्न नागरीकलाई निशुल्क स्वास्थ्य बीमासँगै अति जटिल रोगीलाई उपचारका लागि गाउँपालिकाले सहयोग गर्दै आएको उनको भनाई छ ।

५० प्रतिशत अनुदानमा ३४ वटा ट्याक्टरसहित कृषि सामग्री सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, २९ माघ/थाहा नगरपालिकाको ८ नम्बर वडामा किसानलाई तरकारीखेती प्रवर्द्धन कार्यक्रमअन्तर्गत ५० प्रतिशत अनुदानमा कृषि सामग्री वितरण गरिएको छ ।

नगरपालिकाले चालु आर्थिक वर्ष २०८०/८१ स्वीकृत कार्यक्रम अनुसार कृषकलाई यान्त्रिकरण र आधुनिक खेतीतर्फ उन्मुख गराउन कृषि सामग्री वितरण गरिएको हो । आग्रा कृषि सहकारी संस्था लिमिटेडमा आवद्ध किसानलाई २९ माघमा कृषि सामग्री वितरण गरिएको कृषि शाखाप्रमुख संजय तिवारीले बताए ।

कार्यक्रममा ७ एच.पी. क्षमताको पेट्रोलबाट सञ्चालन हुने ३२ वटा मिनिटिलर, २ वटा डिजलबाट सञ्चालन हुने मिनिटिलर, स्प्रेयर २० थान, ३ सय प्याकेट ह्वाइट टप काउलीको बीउ, ३ सय पाकेट अकवरे खुर्सानीको बीउ, ३ सय किलो बीउ छोप्ने प्लास्टिक, ३ सय मिटर बीउ छोप्ने जाली वितरण गरिएको कृषि शाखाप्रमुख तिवारीले जानकारी दिए । संघीय शसर्त कार्यक्रम निर्देशिका अनुसार सञ्चालन भएको तरकारी खेती प्रवर्द्धन कार्यक्रमबाट वडामा पहिलोपटक किसानले अनुदानमा कृषि उपकरण र बीउ पाएपछि उनीहरु खुशी भएका छन् ।

थाहा नगरपालिका प्रमुख विष्णुबहादुर बिष्टले आग्राको मोरिया क्षेत्रलाई तरकारी खेती प्रवर्द्धन गरी विकास गर्न पाउनु नगरको लागि ठूलो अवसर भएको बताए । त्यसैगरी कृषि शाखाप्रमुख तिवारीले अब परम्परागत कृषि प्रणाली त्यागेर आधुनिक खेतीतर्फ उन्मुख हुन र उत्पादन बढाउनको लागि यस्ताखालको कार्यक्रम प्रभावकारी हुने बताउदै कृषकको हितमा कार्यगर्न कृषि शाखा सधैं तत्पर रहेको भनाइ राखे ।

आग्रा कृषि सहकारीका अध्यक्ष रमेश विश्वकर्माको अध्यक्षतामा भएको कार्यक्रममा थाहा नगरपालिका आर्थिक विकास समिति संयोजक हिरेन्द्रकुमार रायमाझी, ८ नम्बर वडाअध्यक्ष हेमकुमार थिङ, कृषि विकास अधिकृत विकास विक, पशु प्राविधिक रुपेशकुमार मिश्र, पूर्ववडाअध्यक्ष टीकाराम रुम्बा, वडा जनप्रतिनिधि तथा किसानको उपस्थिति थियो ।

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?
अब निराश नहुनुहोस्...
हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।
हाम्रा विशेषताहरू:
☞ अललाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५६२३५६९

"Education is the real treasure"
2055 HETAUDA ACADEMY 1998
EDUCATION IS THE REAL TREASURE
25 Years of
Excellence in Education
Celebrating Silver Jubilee
5 days to go
HETAUDA ACADEMY
Residential Secondary School
Shahid Smarak, Hetauda-11, Makawanpur, Nepal
☎057-525548 ☎057-525547 ☎057-523547
www.hetaudaacademy.edu.np | info@hetaudaacademy.edu.np

हेटौंडामै उत्पादित
सुदिन ड्राइमिट
सुदिन ड्राइमिट
Ready To Eat
हाम्रा विशेषताहरू:
☞ ग्याँस ओभनबाट उत्पादन गरिने ।
☞ हानिकारक धुवाँको असर नहुने ।
☞ १२ प्रकारका घरायसी मसलायुक्त ।
☞ तत्काल खान मिल्ने ।
☞ खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।
सुदिन प्याकेजिङ्ग उद्योग
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना